Nepal Coronavirus CivActs Campaign

अंक #६१

२९।५।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## कोरोना संक्रमण रोकथाम तथा उपचार कोषबाट विभिन्न अस्पताललाई रकम निकासा





| | |
|---|---|
| जाजरकोटको चौरजहारी अस्पताल र दैलेख अस्पताललाई स्वास्थ्य उपकरण खरिद तथा ल्याव व्यवस्थापन गर्न प्रती अस्पताल रु. ५० लाख: | रु १ करोड |
| शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र बाँसबारीलाई कोभिड - १९ सँग सम्बन्धित उपकरण खरिद गर्न: | रु १ करोड |
| नेपाल अनुसन्धान परिषद काठमाण्डौलाई कोभिड - १९ सम्बन्धी अनुसन्धान गर्न: | रु २ करोड |
| त्रि.वि.वि. शिक्षण अस्पताललाई १० वटा भेन्टिलेटर सहित १४ वटा ICU Bed व्यवस्थापन गर्न: | रु. ५ करोड ७५ लाख |
| धुलिखेल अस्पताललाई ५ वटा भेन्टिलेटर सहित १४ वटा ICU Bed व्यवस्थापन गर्न: | रु. २ करोड ८५ लाख |
| नेपाल प्रहरी अस्पताललाई भेन्टिलेटर सहितको २० वटा ICU Bed स्थापना तथा कोभिड - १९ सम्बन्धी उपकरण खरिद तथा व्यवस्थापन गर्न: | रु. ८ करोड ४० लाख |

स्रोत: https://www.mofaga.gov.np/news-notice/2087

## नेपाल अपडेट



बुटवल उप-महानगरपालिकाले सडकमा रात बिताउन बाध्य बेसाहराहरुको उद्धार गरी नि:शुल्क पिसिआर परीक्षण थालेको छ ।

तस्बिर: भवानी प्रसाद पाण्डे

**परिक्षण**

पिसिआर परिक्षण: ८,५१,४०५

पोजेटिभ: ५५,३२९

उपचाररत: १५,३९३

मृत्यु : ३६०






Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



अब विद्यालयले अनलाईनबाट पढाएको शुल्क लिन पाउने रे । के पहिले लिईरहेको नियमित शुल्क जति नै लिन पाउने हो ।

कोभिड - १९ संक्रामक रोगको कारण अवरुद्ध रहेको विद्यालयको नियमित पठनपाठन सुचारु गर्न दुर तथा खुला शिक्षा लगायतका प्रणालिलाई तत्कालका लागि सिकाई सहजिकरणको रुपमा उपयोग गर्न नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले "विद्यार्थी सिकाई सहजीकरण निर्देशिका, २०७७" जारी गरेको छ । जस अनुसार विद्यालयले लिन पाउने शुल्क प्रचलित कानूनको अधिनमा रही स्थानीय तहले स्वीकृत गरे बमोजिमको हुनेछ ।

स्रोत: https://cutt.ly/pfIYfqj



जरुरी कामको लागि काठमाण्डौ बाहिरका जिल्ला जाने रिफारिस लिनको लागि फेरी नयाँ नियम बनयो रे ।

हो । अब काठमाण्डौबाट जरुरी कामको लागि बाहिर जान दिने सवारी साधनको सिफरिसमा फेरबदल भएको छ । यसको लागि सम्बन्धित व्यक्तिले तोकिएको निवेदन, अत्यावश्यक कामको प्रयोजन स्पष्ट खुल्ने कागजात साथै जाने जिल्लाको प्रशासन कार्यालयको अनुमती पत्र तथा सम्बन्धित गन्तव्य स्थानको स्थानीय तहको सिफारिस अनिवार्य रुपमा पेश गरी स्वयम् उपस्थित हुनुपर्ने छ ।

स्रोत: https://cutt.ly/EfICf6q



कक्षा १२ को परीक्षा दिने सबै विद्यार्थीलाई विद्यालयको सम्पर्कमा आउन भनिएको हो ?

अहिले कोरोना महामारीका कारण विद्यार्थीहरु आफु पढिरहेको भन्दा अन्य जिल्लामा बसिरहेका / रोकिएका छन् । यसले परीक्षा सञ्चालनमा कठिनाई भएको छ । यसलाई सहज बनाउन राष्ट्रिय परीक्ष बोर्डले सम्पूर्ण विद्यालयबाट कक्षा १२ को परीक्षा आवेदन फारम भरेका र हाल विद्यालयको पायक पर्ने स्थानभन्दा टाढाको स्थानमा रहेका विद्यार्थीहरुको मात्र हाल बसोबास गरिरहेको स्थान र सो नजिकको कक्षा १२ सञ्चालन भईरहेको विद्यालयको नाम, ठेगाना र कोड (विद्यालयको नाम, ठेगाना र कोड बोर्डको धभदकष्तभ मा राखिएको छ ।) सहितको विवरण यथाशीघ्र बोर्डका सम्बन्धित कार्यालयहरुमा ७ दिन भित्र उपलब्ध गराउन सुचना निकारेको छ ।

स्रोत: http://www.neb.gov.np/uploads/photos/Cx7KtymVFq200911104344.pdf



प्रधानमन्त्री रोजगार कार्यक्रम जस्तै कर्णाली प्रदेश सरकारले मुख्यमन्त्री रोजगार कार्यक्रम ल्यायो रे । यसकोलागि प्रदेश सरकारले के तयारी गरेको छ ।

कर्णाली प्रदेश सरकारले चालु आर्थिक वर्षको बजेटमा रोजगारीको गतिविधीलाई उच्च प्राथमिकता राखेको छ । कुल बजेटको करिव २० प्रतिशत बजेट रोजगारी सृजना गर्न छुट्याएको छ । यसको लागि हालै बसेको कर्णाली प्रदेश सरकारको मन्त्रीपरिषद्को वैठकले मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधी, २०७७ पनि स्वीकृत गरिसकेको छ ।

स्रोत: https://www.facebook.com/cm.karnali/photos/

**WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन**

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




**COVID-19**
को बारेमा बुझ्न नि:शुल्क हटलाईन
viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,२५,६५१ संक्रमित | ९४,७६४ संक्रमित | ६०,३०७ संक्रमित | १,२१,७४० संक्रमित | ७९,४८९ संक्रमित | ९०,२२२ संक्रमित | ९,९४६ संक्रमित | २२,२८५ संक्रमित |
| १८७५ नेपाली संक्रमित | १६५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २२,५०० नेपाली संक्रमित | २४०० नेपाली संक्रमित | ४५ नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | २ नेपाली संक्रमित |
| ११ मृत्यु भएका नेपाली | ७ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १६ मृत्यु भएका नेपाली | ३० मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## मध्यपूर्वका जानकारी

दुबईमा PCR परीक्षणको मुल्य घटाएर २५० दिरहाम बनाईएको छ। पहिले परीक्षण गर्दा ३७० दिरहाम तिर्नु पर्थ्यो। आबुधाबीले भने केही दिन पहिले नै परीक्षण शुल्क २५० दिरहाम बनाईसकेको थियो।

यूएईमा होम क्वारेन्टाईनको पालना नगरेको भनेर त्यहाँको कानून अनुसार ५०,००० दिरहाम जरिवाना तिराईएको छ। क्वारेन्टाईनमा बस्नु पर्ने उक्त व्यक्तिले बाहिर निस्केर एउटा क्याफेमा चिया पिउँदै फेसबुकमा लाईभ गरेका थिए।

साधारणतया मध्यपूर्वका देशमा  शरिरमा बनाईने ट्याटूलाई राम्रो मानिँदैन । कानूनत: निशेध नै गरिएको हुन्छ । कुवेत सरकारले केहीदिन अघी यसरी ट्याटूको व्यावसाय गर्दै गरेका केही फिलिपिनो नागरिकलाई देश निकाला गरेको छ । यस्तो काम गर्दै गरेका कोही नेपाली श्रमिक हुनुहुन्छ भने सचेत रहनुहोला ।

**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM),  Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**




## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च




accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## प्रधानमन्त्री कोरोना भाईरस रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट विभिन्न निकायमा भएको रकम निकासा

| निकाय | उद्देश्य | रकम |
|---|---|---|
| स्थानीय तह (४७३) | क्वारेन्टाईन व्यवस्थापन र उपचारका लागि | रु. ४५,८०,१६,९२५ |
| जिल्ला प्रशासन कार्यालयहरु (१८) | जिल्ला स्तरका क्वारेन्टाईन व्यवस्थापन गर्न | रु. १०,००,००० |
| जिल्ला अस्पतालहरु (१९) | भेन्टिलेटर र ICU स्थापना गर्न र स्वास्थ्य उपकरणहरु खरिद गर्न | रु.३१,८०,००,००० |
| अन्य अस्पतालहरु (४) | परीक्षण गर्ने उपकरण खरिद गर्न | रु. १२,८२,३५,००० |
| प्रयोगशालाहरु (४) | परीक्षण उपकरण खरिद गर्न | रु. ८,९४,७९,००० |
| प्रदेश सरकारहरु (७) | प्रदेश भित्रका स्थानीय तहलाई सहयोग गर्न | रु. ३८,५५,००० |
| स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | विदेशबाट नेपाली नागरिकको हावाई उद्दार गर्न | रु. ८८,५५,००० |
| नेपाली सेना | आईसोलेशन वार्ड निर्माण गर्न | रु. ९,२६,८०,००० |

महामारीको समयमा सबै भन्दा धेरै खर्च प्रधानमन्त्री कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट भएको छ । समितिले छुट्टा छुट्टै समयमा निर्णय गरी कोषबाट जम्मा १ अर्ब ४० करोड रकम निकासा गरेको छ । सबै भन्दा धेरै रकम निकासा ४७३ वटा स्थानीय तहमा (३१%) भएको छ । त्यस पछी जिल्ला अस्पतालहरुमा बढी रकम निकासा भएको छ । जुन, कुल रकमको २१% हो । स्थानीय तहमा निकासा भएको रकमको हिसाव स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सञ्चालन गरेको स्वास्थ्य सूचना प्रणालीमा सार्वजनिक गरेको तथ्यांकको आधारमा निकालिएको हो । क्वारेन्टाईन व्यवस्थापनको लागि पनि धेरै रकम खर्च भएको छ । त्यसै गरेर, क्ष्ऋग सेवासँगै भेन्टिलेटर स्थापना गर्न र स्वास्थ्य सम्बन्धी उपकरणहरु किन्नुपर्ने भएकोले जिल्ला अस्पतालहरुले पनि कोषबाट ठुलो रकम प्रप्त गरेकाछन् ।

नोट: हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

# वैदेशिक रोजगारीमा जान नपाएर स्वदेशमै उद्यमी बनेका सानुकाजीको कथा



धादिङको निलकण्ठ नगरपालिका वडा नम्बर १३ स्थायी बसोबास भएका सानुकाजी थापा बिगत लामो समय देखि वैदेशिक रोजगारमा जाँदै आउँदै गरिरहेका थिए । उनले वैदेशिक रोजगारीको शिलशिलामा मलेसियामा ३ वर्ष , दुबईमा ५ वर्ष र कुवेतमा १ वर्ष सम्म काम गरे । कुवेतमा भने सम्झौता अनुसारको काम र तलब नपाएपछि १ वर्षमै नेपाल फर्किए ।  तर, नेपालमा रोजगारीको कुनै उपाय र अवसर नदेखे पछि फेरी नयाँ कम्पनी खोजेर वैदेशिक रोजगारीमा जाने तयारीमा थिए । त्यसैबेला कोरोना महामारिको कारणले उनको वैदेशिक रोजगारीमा जाने अन्तिम योजना पुरा भएन ।

नेपालमा काम गरिखाने वातावरण नदेखेपछि उनले छोरीलाई पनि स्टुडेन्ट भिषामा कोरिया पठाउने योजना बनाएका थिए । सबै प्रक्रिया पूरा गरी १ वर्षको लागि कलेज फि रु ३ लाख ५० हजार पनि बुझाईसकेका थिए । त्यो पनि कोरोनाका कारण रोकियो । परिवारको आर्थिक अवस्था कमजोर भएका उनकी छोरी र आफु दुबैजना रोकिनु पर्दा बैंकको सावाँ व्याज सहितको ऋण तिर्न केही न केही गर्नु पर्ने बध्याता आईपऱ्यो । त्यही बाध्यताले उपाय सुझायो । उनका ठूलो दाजु र माइलो दाजुको सल्लाहमा कुखुरा पाल्ने निर्णय गरे । त्यसका लागि फेरी ३ लाख ऋण निकालेर खोर निर्माण गरी १ हजार कुखुराको चल्ला ल्याएर पाल्न सुरु गरे । छोटो समयमा आम्दानी गर्न सकिने कुखुरा पालन बाट ४२/४३ दिनको अवधिमा ६० हजार नाफा कामाए । दोस्रो लटमा अहिले १ हजार ७ सय कुखुरा पालिरहेकाछन् ।

कोरोना महामारीको बिचमा नेपालमै व्यवसाय सुरुगरेका थापाले नेपालमै मेहनत गर्नसके धन कमाउन सकिने उपाय त पत्ता लगाए, तर बजारको सुनिश्चिततामा उनि अझै ढुक्क हुन सकेको छैनन् । ढुवानी सहज नहुँदा नोक्सानी व्यहोर्नुपर्ने हो की भन्ने चिन्ताले उनलाई सताईहेको छ । सरकारले कुखुराको मासुको न्युनतम मुल्य तोक्नुपर्ने, बीमाको व्यवस्था गर्नुपर्ने र किशानको पहिचान गरी अनुदानको व्यवस्था गरे मेहनती युवाको विदेश जाने बध्याताको अन्त्य हुने उनी बताउछन् ।

# संयमित अपनाउँदा १०६ संक्रमितबाट शून्यमा झार्दै स्पाइनल इन्जुरी सेन्टर



स्पाइनलमा चोटपटक लागेकाहरूको विशेष उपचार गरिने काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका वडा नं १३ भैसेपाटीमा रहेको स्पाइनल इन्जुरी पुनर्स्थापना केन्द्र (अस्पताल) मा भदौंको पहिलो साता एकजना कर्मचारीमा कोरोना संक्रमण देखियो । बिरामीहरुलाई महिनौ लगाएर उपचार गर्ने सो केन्द्रमा एक सातामा कोरोना नराम्रोसँग फैलियो । भदौ १४ गतेसम्म अस्पतालमा कोरोना संक्रमितको संख्या १०६ पुग्यो । संक्रमितहरु बिरामी, कर्मचारी, चिकित्सक तथा बिरामीका कुरुवाहरु थिए ।

एकै पटक ठूलो संख्यामा कोरोना संक्रमित भेटिएपछि तत्काल कोरोना भाईरस नियन्त्रण गर्ने काम आफैमा चुनौतिपूर्ण थियो । पहिलो चुनौती थप व्यक्तिमा कोरोना संक्रमण हुन नदिनु थियो । दोस्रो, समयमै संक्रमितको उपचार गर्नु थियो । अस्पतालका चिकित्सक तथा काभ्रेका जनस्वास्थ्य अधिकारीको राम्रो समन्वय र सतर्कताले कोरोना रोकथाममा सहयोग पुग्यो । भदौ २९ गतेसम्म ८० जनाभन्दा जना पूर्ण रुपमा निको भैसके । दोस्रो पटकको पिसिआर चेकजाँचमा उनीहरु संक्रमण मुक्त भए । अस्पतालमा कार्यरत एक कर्मचारीमा कोरोना देखिएपछि अस्पताले बिरामी, कुरुवा, मेडिकल स्टाफ र अस्पतालका सबै कर्मचारीहरुको पीसीआर परीक्षण गरायो । त्यो क्रममा पोजेटिभ नदेखिएकाललाई क्वारेन्टाइनमा राख्यो । नतिजा नेगेटिभ देखिएकाहरुलाई अस्पताललाई नै आइसोलेशन वार्ड बनाएर उपचार सुरु गऱ्यो ।

त्यसै गरेर, अस्पतालले नियमित रुपमा संक्रमितलाई परामर्श गरिरह्यो । अस्पतालमा न्यूनतम उपचार गर्ने समय कम्तिमा तीन महिना हुने गर्दछ । त्यसैले, एकले अर्कोलाई राम्रोसँग चिन्ने भएकोले एकले अर्कालाई हौसला दिइरहे । फलस्वरुप काभ्रेकै कोरोना हटस्पटको रुपमा विकास भएको अस्पतालमा हाल सकृय सक्रमित घटेर ३० को हाराहारीमा पुगेकाछन् ।

असार १ गतेदेखि उपत्यका छिर्न सजिलो भएपछि साँगा आसपासको क्षेत्रमा बढेको भिडकै कारण त्यो क्षेत्रमा कोरोनाको उच्च जोखिम थियो । अस्पतालमा स्पाइलन कर्ड जस्तो संवेदनशील विषयमा उपचार गर्ने भएकाले कोरोनाबाट हुनसक्ने जोखिमको विषयमा अस्पताल निक्कै सचेत बनेर लाग्यो र करिब तीन सातामा कोरोना लगभग नियन्त्रणमा आउँदैछ ।

**केशवराज पौडेल**

सही सूचना

# होम आईसोलेशनमा कोभिड -१९ का बिरामी बढे पछी उचित अनुगमन गर्न आवश्यक

## होम आईसोलेशनमा सक्रिय संक्रमितको संख्या




माथिको ग्राफले होम आईसोलेशनमा रहेका सक्रिय संक्रमितको संख्यालाई देखाउँछ । अहिले आधा भन्दा बढी सक्रिय संक्रमित होम आईसोलेशनमा बसिरहेकाछन् । विश्व स्वास्थ्य संगठनसँगै नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सक्रिय संक्रमित होम आईसोलेशनमा पालना गर्नुपर्ने मापदण्ड सहितको निर्देशिका तयार गरेको छ । तर, अनुगमनको जिम्मेवारी पाएका स्थानीय प्रशासन र स्वास्थ्यकर्मीले प्रभावकारी रुपमा अनुगमन र सहयोग गर्न सकेका छैनन् । नेपालमा संक्रमितको संख्या बढ्दै गईरहेकोले, होम आईसोलेशनको कार्यान्वयन पक्षमा धेरै सुधार गर्न आवश्यक छ । यो अवस्थामा सरकारका सबै तहबाट यसमा तत्काल कदम चाल्न जरुरी छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs